annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १०५ पृष्ठ ८ | काठमाडौं, बुधबार ३० साउन २०८१ | श्रावण शुक्लपक्ष एकादशी, नेपाल संवत् ११४४ | WEDNESDAY, AUGUST 14, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी


# राजस्व संकलन लक्ष्यमा अघिल्लो सरकार कमजोर

सरकारको आम्दानीको मुख्य स्रोत हो- राजस्व र कर। विभिन्न शीर्षकमा सरकारले कर उठाउने गरे पनि गत २ वर्षमा लक्ष्य पूरा गर्न सकेन। अरू त अरू, भन्सार कर पनि लक्ष्यभन्दा निकै कम उठ्यो। यसबाट प्रश्न उब्जेको छ- राजस्व संकलनमा सरकारी लक्ष्य अविश्वसनीय हो वा मुलुकको अर्थतन्त्र नै चलायमान बन्न नसकेको हो ?

समाचार पृष्ठ २

**ममता थापा** | *काठमाडौं*

- को रिपोर्ट




### कुन करमा कति करदाता दर्ता भए ?

| प्रकार | आर्थिक वर्ष २०७९/८० | आर्थिक वर्ष २०८०/८१ | वृद्धिदर (प्रतिशतमा) |
|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (बिप्यान) | १८७६३०५ | १९९२५४४ | ६.२० |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (डब्लुप्यान) | २८१०७ | ८०४३० | १८६.१६ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (पिप्यान) | ३६४९६१४ | ४२६७३९५ | १६.९३ |
| जम्मा | ५५५४०२६ | ६३४०३६९ | १४.१६ |
| मूल्य अभिवृद्धि कर (भ्याट) | ३०८४७७ | ३३४९८३ | ८.५९ |
| अन्त:शुल्क (एक्साइस) | ११६६७५ | १२५०८१ | ७.२० |

कुल राजस्व लक्ष्य
१४,२२५,४१७

कुल राजस्व संकलन
१०,५८८,९६३

कुल संकलन प्रतिशत
७४.४४%

*स्रोत : अर्थ मन्त्रालय*

## कागजी अभिलेखलाई डिजिटलमा राख्छौं



**प्रेमभक्त महर्जन**

इजलास

प्रदेश सरकारका मन्त्रीहरू पटक-पटक परिवर्तन भए पनि त्यसले खासै असर गर्दैन। मन्त्रालयको आफ्नै वार्षिक कार्यक्रमहरू हुने भएकाले मन्त्रालय र यस अन्तर्गतका कार्यालयहरूले निरन्तर काम गरिरहेका हुन्छन्। हामीले सिस्टममा चल्ने प्रणालीको विकास गर्नुपर्छ। त्यसो भएमात्रै जुन मन्त्री आए पनि गए पनि मन्त्रालयको काममा असर गर्दैन।

देशको राजनीतिक अवस्था अस्थिर छ। कुनै एक दलको बहुमत छैन। त्यसैकारण सरकार फेरबदल भएको हो। यसअघि जे जस्तो भए पनि अहिलेको सरकार स्थायी हुन्छ। ०८४ सालसम्मै जान्छ। यातायातको क्षेत्रमा थुप्रै बेथिति छन्।

माग भएअनुसार लाइसेन्स दिन सकेका छैनौं। अनलाइन भुक्तानीलगायत विविध समस्या छन्। हामी सरकारमा आइसकेपछि विज्ञसहित संघसँग समेत छलफल गरिरहेका छौं। सफ्टवेयर डाउन हुने समस्या धेरै छ। संघले गर्न सक्दैन भने प्रदेश सरकार आफैंले गर्ने तयारी पनि छ।

बागमती प्रदेशमा डिजिटल प्रदेशको अवधारणा अवलम्बन गर्दै यातायात क्षेत्रमा रहेको कागजी अभिलेखहरूलाई कम्प्युटरमा राखेर डिजिटल अभिलेख प्रणाली सुरु गर्ने तयारी गरेको छ। पुराना फाइल ढड्डामा राखिएको अभिलेख आवश्यक परेको समयमा खोज्दा नभेटिने र समय लाग्ने समस्या छ। ६ महिनाभित्र त्यसको डिजिटल अभिलेख राखिसक्ने मन्त्रालयको लक्ष्य छ।

यस्तै स्मार्ट लाइन्सेस तत्काल दिन नसके पनि नागरिक एपसँग जोडिने गरी डिजिटल रूपमै लाइसेन्स दिने गरी यस मन्त्रालयले केन्द्रसँग समन्वय गरिरहेको छ। यस्तै विलबुक नवीकरण पनि डिजिटल रूपमै गर्न मिल्ने तयारी छ। यस्तै मन्त्रालयले जनतालाई केन्द्रमा राखेर श्रमलाई रोजगारसँग जोड्दै स्वरोगार बनाउन योजनाबद्ध तरिकाले अघि बढेको छ।

*(महर्जन बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री हुन्।)*

# सर्वोच्चद्वारा केसी नेतृत्वको एनआरएनएलाई मान्यता

## परराष्ट्रको पत्र बदर

**अन्नपूर्ण** | *काठमाडौं*

सर्वोच्च अदालतले डा. बद्री केसी नेतृत्वको गैरआवासीय नेपाली संघ (एनआरएनए) को कार्यसमितिलाई मान्यता दिएको छ। एनआरएनएको महाधिवेशन सन्दर्भमा परराष्ट्र मन्त्रालयले प्रशासनिक कामकारबाही बाहेक अन्य कार्य नगर्न गरेको पत्रलाई सर्वोच्चले बदर गरेको छ। न्यायाधीश तीलप्रसाद श्रेष्ठ र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले मन्त्रालयको पत्र कानुनसम्मत मान्न नमिलेको उल्लेख गर्दै उत्प्रेषणको आदेशद्वारा बदर गरेको हो। २०८० कात्तिक ३ मा भएको एनआरएनएको ११औं महाधिवेशनबाट अन्तर्राष्ट्रिय समन्वय परिषद्को अध्यक्षमा डा. केसी निर्वाचित भएका थिए।

१५. जहाँसम्म संघको दशौ महाधिवेशन विवादमा परे पछि त्यस पछि भएको कुनै पनि कामले बैधता पाउन सक्दैन भंनी सुनुवाईमा सरिक हुन उपस्थित पक्षको तर्फका विद्वान कानून व्यवसायीहरुले गर्नु भएको तर्क छ सो सम्बन्धमा हेर्दा, गैर आवासिय संघको सर्वोच्च अङ्गको रुपमा अन्तर्राष्ट्रिय महाधिवेशन रहेको, विधानमा व्यवस्था भए बमोजिम आवधिक रुपमा २/२ वर्षमा सम्पन्न हुने महाधिवशेनहरु एक अर्काको मातहतमा रहने अङ्ग नभई हरेक अन्तर्राष्ट्रिय महाधिवेशन स्वयंमा सार्वभौम र स्वायत्त अङ्ग हुने भएकोले दशौं महाधिवेशनको बैधता विवादित भएको भन्ने आधारमा गैर आवासिय नेपाली सम्बन्धी ऐन, नियमावली र विधान बमोजिम हरेक दुई वर्षमा सम्पन्न हुनै पर्ने त्यस पछिको महाधिवशेन समेत गर्न नमिल्ने वा त्यसको बैधतामा स्वतः प्रश्न उत्पन्न हुने भनी गरिएको तर्कको कानूनी, न्यायोचित एवं विवेकसम्मत आधार देखिन आएन।



तर, परराष्ट्र मन्त्रालयले नियमित प्रशासनिक कामकारबाहीबाहेक अन्य गतिविधि नगर्न पत्राचार गरेको थियो। पत्रमा नयाँ अन्तर्राष्ट्रिय परिषद्को गठन नभएसम्मका लागि संघको सचिवालयबाट नियमित प्रशासनिक कामकारबाहीबाहेक संघको एकता, पारस्परिक सहयोग र सद्भाव अभिवृद्धिमा आघात पुग्ने प्रकारको कुनै पनि गतिविधि नगर्न निर्देशन दिइएको थियो।

» बाँकी पृष्ठ ६

## बंगलादेशी पूर्वप्रधानमन्त्री हसिनाविरुद्ध हत्याको मुद्दा

**बंगलादेश** (एएएफपी) : गत महिना नागरिक अशान्तिका क्रममा प्रहरीले एक व्यक्तिको हत्या गरेको आरोपमा बंगलादेशको एक अदालतले अपदस्थ पूर्वप्रधानमन्त्री शेख हसिना र उनको प्रशासनका शीर्ष ६ व्यक्तिविरुद्ध अनुसन्धान सुरु गरेको छ। उनको पतनसम्मको अशान्तिका साताहरूमा ४ सय ५० भन्दा बढी मानिस मारिएका थिए। नागरिकका तर्फबाट मुद्दा दर्ता गरेका वकिल मामुन मियाले भने, 'शेख हसिना र अन्य ६ जनाविरुद्ध मुद्दा दर्ता गरिएको छ।'

उनका अनुसार महानगरीय अदालतले प्रहरीलाई 'आरोपित व्यक्तिहरूविरुद्ध हत्याको मुद्दा' स्वीकार गर्न आदेश दिएको थियो। यो बंगलादेशी कानुनअन्तर्गत फौजदारी अनुसन्धानमा पहिलो कदम थियो। अदालतमा मियाले दायर गरेको मुद्दामा हसिनाका पूर्वगृहमन्त्री असदुज्जामान खान र हसिनाको अवामी लिग पार्टीका महासचिव ओबैदुल कादिरको नाम पनि समावेश गरिएको छ। यसमा हसिना सरकारले नियुक्त गरेका ४ शीर्ष प्रहरी अधिकारीको पनि नाम छ। उनीहरूलाई पदबाट बर्खास्त गरिएको छ। उक्त मुद्दामा एक किराना पसलका मालिकको मृत्युको दोष ७ जनालाई लगाइएको छ।

# टीकापुरमा जंगली जनावरको आतंक


## सातामै २२ बाख्रा मारिए

**परमानन्द पाण्डे** | *टीकापुर*

०८१ वैशाख पहिलो साता बर्दिया राष्ट्रिय निकुञ्जमा भीषण आगलागी भयो। निकुञ्जको सुरक्षार्थ खटिएका नेपाली सेनाले समेत नियन्त्रण गर्न नसकेपछि झन्डै महिना दिनसम्मै निकुञ्जमा आगो दन्कियो। चर्को गर्मीमा पानीको अभाव र बासस्थानमा दन्किएको आगोका कारण जंगली जनावरहरू सुरक्षित स्थानको खोजीमा लागे।

निकुञ्जसँगै जोडिएको गाउँबस्तीतर्फ पस्न थाले जंगली जनावरहरू बाघ, हात्ती, चितुवा, हरिण आदि। त्यसरी गाउँबस्ती पसेका बाघ, चितुवा र हात्तीका कारण कैलालीको पूर्वी क्षेत्रमा जंगली जनावरको त्रास बढ्दै गएको छ। जंगली जनावर चितुवाले एक सातायता कैलालीको टीकापुरमा घरपालुवा जनावर बाख्रा, कुखुरा मार्न थालेपछि स्थानीयमा त्रास बढेको छ।

बिहीबार राति चितुवाले स्थानीयका बाख्रा र कुखुरा मारेको टीकापुर नगरपालिका-१ का वडाध्यक्ष मोहनसिंह लुहार (विक)ले जानकारी दिए। 'चितुवाले वडा नं १ ब्लक बी, सी, १७ र १८ मा गरी एकै सातामा स्थानीयका २२ बाख्रा मारेको थियो। चितुवाको आक्रमणबाट केही बाख्राहरू घाइते बने,' अध्यक्ष लुहारले भने, 'त्यत्तिकै संख्यामा कुखुरा र कुकुरसमेत मारेपछि हामीहरू त्रसित बनेका छौं।' चितुवाले बिहीबार राति ब्लक नं. १७ मा रहेको मीनबहादुर नेपालीको खोरबाट २६ वटा कुखुरा मारेको छ। कुखुराको खोरमा आक्रमण गरेपछि स्थानीयले होहल्ला गर्दा दुई बच्चासहितको चितुवा भागेको रमेश खड्काले बताए। बुधबार राति नै ब्लक नं. १८ मा समेत चितुवाको आक्रमणबाट १ बाख्रा घाइते भएको थियो। स्थानीय नर परियारले राति ११ बजेतिर बाख्रा कराएपछि आफूले होहल्ला गर्दा छिमेकीको बाख्रा घाइते अवस्थामै छोडेर चितुवा भागेको बताए। 'एक साता भयो, ब्लक नं. १७/१८ तिरै बाख्रा, कुखुरा मारिरहेको छ', परियारले भने, 'अस्ति राति एक छिमेकीको घरबाट बाख्रा लिँदै गरेको थाहा पाएपछि दुई बच्चासहितको चितुवा भागे छ, यो घटनाले निकै त्रास फैलिएको छ।' बर्दिया राष्ट्रिय निकुञ्जमा आगलागी हुनु, चैतदेखि जेठसम्म पर्याप्त मात्रामा जंगली जनावरलाई पानीको व्यवस्था नहुनुले पनि जनावरहरू बस्ती पसेर आतंक मच्चाइरहेका छन्।



**बर्दिया राष्ट्रिय निकुञ्जमा देखिएका बाघ।** ● स्रोत: निकुञ्जको फेसबुक पेज

०६४ सालमा कर्णालीमा आएको भीषण बाढीले नदीको धार परिवर्तन गरिदियो। बर्दिया राष्ट्रिय निकुञ्ज छेउ हुँदै बग्ने कर्णाली नदीको सहायक नदी गेरुवा नदीमा पानीको सतह निक्कै घट्यो। कर्णाली नदीको पानी पश्चिम कैलालीतर्फ बग्न थाल्यो। यस वर्षमात्रै गेरुवा नदीमा पानी फर्काउन निकुञ्जले चिसापानी पुलबाट दक्षिणतर्फ स्काइभेटर प्रयोग गरेर पानीको मुहान खोलेको थियो।

'वन्यजन्तुका लागि सुरक्षित मानिने निकुञ्जमै आगजनी हुनुले आहारको कमी हुने नै भयो। त्यसमा पानीसमेत नभएपछि जंगली जनावरहरू बस्तीतर्फ पस्ने गरेका छन्', वन, वातावरण तथा विपद् व्यवस्थापनमा लामो समय काम गरेका टीकापुर नगरपालिका-६ का अध्यक्ष बलिराम चौधरीले भने, 'जनावरहरूको बासस्थान मासिनु, आहारको कमी हुनुले पर्यावरण पनि मासिएको छ भने जनावर र मानवबीच द्वन्द्व बढ्दै गएको छ।'

» बाँकी पृष्ठ ६